# स्याङ्जा जिल्ला पुतलीबजार नगरपालिका वडा नं १२ का नेपाली (सार्की)समुदायको आर्थीक, सामजिक तथा शैक्षिक अवस्थामा आएको परिबर्तन संबन्धी एक अध्ययन

त्रिभुवन विश्व विद्यालय मानविकी तथा सामाजीक शास्त्र सङ्काय अन्तर्गत
स्नातकोत्तर तह दोस्रो वर्षको समाजशास्त्र विषयको
आंशिक आवश्यकता परिर्पुर्तिका लागी प्रस्तुत

## शोधपत्र


शोधार्थी :

लक्ष्मी कुंवर

रोल नं.: १०/०६८

परिक्षा रोल नं. : ४८०४३२/०७०

त्रि.वि.दर्ता नं.: ६-१-४८-२३०९-२००४

त्रिभुवन विश्वविद्यालय

मानविकी तथा समाजिकशास्त्र सङकाय

समाजशास्त्र तथा ग्रामिण विकास विभाग

पृथ्वी नारायण क्याम्पस


पोखरा, २०७४

# सिफारिस पत्र

पृथ्वीनारायण क्याम्पस, पोखराको समाजशास्त्र तथा ग्रामिण विकास विभागको, समाजशास्त्र विषयको स्नातकोत्तर उपाधिको आंशिक आवश्यकता पूर्तिको लागि मेरो निर्देशन र सुपरिवेक्षणमा श्री लक्ष्मी कुंवरले **स्याङ्गजा जिल्ला पुतलीबजार नगरपालिका वडा नं. १२ नेपाली (सार्की)समुदायको आर्थीक, सामजिक तथा शैक्षिक अवस्थामा आएको परिबर्तन** संबन्धी एक अध्ययन शीर्षकमा एक समाजशास्त्रीय अध्ययन विषयक शोधपत्र तयार पार्नु भएको हो । म उहाँको कार्यप्रति सन्तुष्ट छु र प्रस्तुत शोधपत्रको आवश्यक मूल्याङ्कनको लागि सिफारिस गर्दछु

तेज प्रसाद सुवेदी

शोध निर्देशक

मिति : २०७४/१२/२५

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजीक शास्त्र सङ्काय अन्तर्गत पृथ्वीनारायण क्याम्पस, समाजशास्त्र तथा ग्रामिण विकास विभाग स्नातकोत्तर तह दोस्रो वर्षको समाजशास्त्र विषयको आंशिक आवश्यकता पुरा गर्नका लागी छात्रा लक्ष्मी कुँवरले तयार गर्नु भएको “स्याङ्जा जिल्ला पुतलीबजार नगरपालिका वडा नं १२ का नेपाली(सार्की) समुदायको आर्थीक, सामजिक तथा शैक्षिक अवस्थामा आएको परिबर्तन संबन्धी  एक अध्ययन शीर्षकको यस शोधपत्र स्नातकोत्तर उपाधिका लागी उचित ठहरिएकाले शोधपत्र मूल्याङ्कन समितिबाट स्वीकृति प्रदान गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

| ................................... | .................................. | .................................. |
| --- | --- | --- |
| तेज प्रसाद सुवेदी | प्रा.डा. विश्व कल्याण पराजुली | नारायणी सिग्देल |
| शोध निर्देशक | विभागीय प्रमुख | बाह्य प्रशिक्षक |

मिति : वि.सं. २०७४/१२/२५

Date: April, 2018

# कृतज्ञता ज्ञापन

पृथ्वीनारायण क्याम्पस पोखराको समाजशास्त्र विषयमा स्नातकोत्तर तह पुरा गर्न आशिंक आवश्यकता पूरा गर्ने शिलशिलामा तयार गरिएको यो शोधपत्रलाई यस रुपमा ल्याउने क्रममा सुझाव र निर्देशन दिएर आफ्नो अमूल्य समय लगाई सहयोग गर्नु भएकोमा म मेरो शोध निर्देशक तेज पसाद सुबेदी प्रति हार्दिक आभार प्रकट गर्दछु । जसको दक्षतापूर्ण निर्देशनमा यो शोधपत्र यस रुपमा आउन सक्यो । साथै विभागीय प्रमुख प्रा.डा. बिश्वकल्याण पराजुली ज्यु एवम् अन्य गुरुवर्ग हरुप्रति आभार प्रकट गर्दछु । यो शोधपत्र तयार पार्न सूचना र सामग्री उपलब्ध गराई सहयोग गर्ने श्री पुतलीबजार नगरपालीका वडा नं. १२ कार्यालय ,पेल्काचौर गांउ परिवार, तयार तथ्याङ्क संकलन गर्दा सहयोग पुऱ्याउने सम्पूर्ण उत्तरदाता वा सार्की समुदायका दिदी बहिनीहरु तथा दाजुभाइ र मुख्य जानकार व्यक्तिलाई हार्दिक आभार व्यक्त गर्दछु ।

यो शोधपत्र तयार पार्ने क्रममा सुरु देखि अन्त्यसम्म उत्साह प्रदान गरेर सहयोग गर्नु हुने म कार्यरत गैह्र सरकारी संस्था साथी नेपाल का मेरा साथीहरु दान बहादुर भुजेल, धनकुमारी अधिकारी, बिकास पौडेल, बिष्णु गुरुङ्ग र मन्जु सुबेदी प्रति सदा ऋणी रहनेछु । शोधपत्र तयार पार्ने समय अवधि भर अमूल्य सुझाव प्रदान गरी सहयोग प्रदान गर्ने मेरो श्रीमान शिबलाल रिमाल लाइ पनि धन्यवाद दिन चाहन्छु र श्री मनकामना माध्यमिक विद्यालय पेल्काचौरमा अध्यापनरत शिक्षक प्रति आभार व्यक्त गर्दछु जसको सहयोग बिना यो शोधपत्र तयार पार्न संभव थिएन ।

अन्त्यमा यस शोधपत्र तयार पार्ने क्रममा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग गर्ने सम्पूर्ण मित्र र शुभचिन्तक र कम्प्युटर टाइप एंव सेटिङ्ग गरी सहयोग गर्नुहुने एभरेस्ट कम्प्युटर सेन्टर बगर पोखरा लाइ पनि धन्यवाद दिन चाहन्छु ।

**लक्ष्मी कुँवर**

**शोधकर्ता**

## सोधसार

नेपाल एक बहुजाति, बहुभाषिक, बहुधार्मिक एवम् जनजाति भएको मुलुक हो । भौगोलिक जटिलता एवम् प्राकृतिक विविधताले पूर्ण यो देश क्षेत्रफलको हिसाबले सानो र आर्थिक रूपले पिछडिएको भएता पनि कला संस्कृति, भेषभुषा र धर्मले धनी मानिएको छ । नेपालमा हिमाल, पहाड र तराईमा हावापानी बेग्ला बेग्लै हुने हुँदा यहाँ बसोबास गर्ने मानिसहरूले पनि वातावरण अनुकुल आ-आफ्नो संस्कृति रहन सहन र विभिन्न खानपानको तरिकाहरू अबलम्बन गरेका छन् । विभिन्न जातजातिले आ-आफ्नो स्थानमा रहेर काम गरी नेपाली समाजमा प्रकार्यात्मक एकता कायम भएको छ । यति भएता पनि जातिय आधारमा भेदभाव एवम् छुवाछुत अझै कायम रहेको छ । नेपालमा बसोबास गर्ने विभिन्न जातजाति मध्ये दलितहरू पनि एक हुन र त्यस मध्येमा पनि सार्की जाति झन पछाडि परेको देखिन्छ । नेपालमा दलितहरूको बारेमा दलित समुदाय र गैर दलित समुदायले बेला बेलामा दलित शब्दलाई विभिन्न तरिकाहरूबाट परिभाषित गरेको पाइन्छ । यसको साथ साथै दलित शब्दले नै विभिन्न समयमा विभिन्न अर्थले विभिन्न बाटोहरू बनाएको पाइन्छ । यो एक यस्तो समुदाय हो, जुन समुदाय आर्थिक सामाजिक, सांस्कृतिक र धार्मिक रूपले पिडीत हुन्छन् । दलित शब्दको अर्थको रूप चाही दबिएर बस्नु हुन्छ । त्यसैले समाजमा अन्य जाति भन्दा दबिएर बसेको समुदाय नै दलित हो । दलित भनेको पानी नचल्ने तल्लो स्तरको समुदाय हो । जे होस् हिन्दु वर्ण व्यवस्थामा आधारित नेपालको जातिय व्यवस्थामा शुद्र समुह भित्र पर्ने अछुत पानी नचल्ने जातहरू नै दलित जातिहरू हुन् । दबिएका थिचिएका दलित वर्ग अन्य जाति भन्दा पछि परेको असमान रूपले शोषणमा परेको अन्य जाति सरह अधिकारबाट वञ्चित सामाजिक रूपले पछाडि परेको समाजका सामाजिक कार्यका भेदभाव सहन बाध्य समुदाय नै दलित समुदाय हुन् ।

वि.सं. २०२० मा जब पुरानो मुलुकी ऐनलाई हटाएर नयाँ मुलुकी ऐन लागु गरियो त्यसमा पनि जातपात, छुवाछुतको भेदभावलाई हटाईने सैद्धान्तिक नारामा मात्र सीमित पारियो । दलित माथि हुने छुवाछुतको व्यवहारमा रत्ति पनि कमी आएन । नेपालको अन्तरिम संविधान २०६३ ले सबै नागरिकलाई समान रूपले हेरेको छ । धर्म, जात, वर्णको आधारमा कसै माथि पनि छुवाछुत र भेदभाव गर्न नपाइने भनिएको छ । तर त्यो कानुनमा मात्रै सीमित छ । नेपाली समाजमा जाति प्रथाले जरो गाडेको हुँदा यसैको आधारमा छुवाछुतको भेदभाव अझै पाइन्छ ।

शोधपत्र तयारीका क्रममा (स्याङ्जा जिल्ला पुतलीबजार नगरपालिका वडा नं १२, पेल्काचौरको ३० घर धुरिमा गरिएको अध्ययन अनुशार ३० घर धुरीको जनसङ्ख्या १४८ रहेको छ । जसमा महिला ७० जना र पूरुष ७८ जना रहेका छन् । जसमध्येबाट ३० घरधुरीबाट प्रत्येक घरबाट १ जना पर्ने गरी ३० जना र ३० जना सार्की मध्येबाट पाँच जनाको छुट्टै बैयक्तित अध्ययन गरिएको छ ।

विगत २० वर्ष देखिको परिवर्तनलाई हेर्दा शिक्षित भएपछि अरुले दलित भनि नहेप्ने, राम्रो रोजगारी पाइने, समाजमा सम्मानित जिवन यापन गर्न पाइने, भनेर नै छोराछारीलाई स्कुल पठाउने प्रचलन बढेको पाइयो । अध्ययन क्षेत्रमा एकात्मक परिवार प्रतिको आकर्षण बढेको देखिन्छ तर पनि संयुक्त परिवार कै संख्या बढी छ । ३० घर धुरी मध्ये ९ घर एकात्मक परिवार र २१ घर संयुक्त परिवार रहेको पाइयो । कतिपय घर व्यवहारमा श्रीमानलाई सल्लाह दिने काम श्रीमतीहरुले पनि गर्न थालेको पाइयो। छोरीप्रति सकारात्मक धारणा देखिनु, म सार्की हुँ भनेर हिन भावना हटनु जस्ता कुराहरुको परिवर्तन भएको पाइयो । बिरामि हुँदा धामी काहाँ होइन डाक्टर काहाँ जानु पर्दछ भन्ने सोचको विकास भएको पाइयो । परम्परागत रुपमा सार्की जातिहरु छालाको काम गर्ने , जुत्ता सिलाउने , मादल बनाउने र चाडपर्व मेलामा लगेर टाढासम्म पुगेर बेच्ने गर्दथे । मुजदुरीको रुपमा बार्षिक अन्न धान पाउने गरी साहु महाजनकहाँ हलो जोत्ने गर्दथे । हिन्दु धर्मालम्बी सार्की जाति समय क्रममा यही पेशा गर्ने जातिका रुपमा परिचित छन् । तर यिनीहरुलाई सामाजिक धार्मिक हिसाबले अछुत जातिमा राखी छुवाछुतको भेदभावपूर्ण व्यवहार गरिदै आएको पाइन्छ । अन्य जातिले हेर्ने दृष्टिकोणमा परिवर्तन देखियपनि ३० जना उत्तरदाता मध्ये १३ जनाले उत्तरदाताले छुवाछुत अवस्था भोगेको पाइयो भने बाँकी १७ जनाले पहिले छुवाछुतको अवस्था थियो अहिले खासै भोग्नुपरेको छैन भन्ने पाइयो। सार्की जातिमा परम्परागत पेशाहरुबाट जीवन निर्वाह नहुने महसुस गरि आधुनिकिकररणसगै विभिन्न पेशा अपनाउने लहर चल्यो रोजगारी , व्यापार , बैदेशिक रोजगारी स्वेदेशी जागिर ज्याला मजदुरी जस्ता अवसरहरु प्राप्त हुने अवस्थामा परम्परागत पेशा छाडदै गएको र आधुनीक पेशा अपनाउदै गएको पाइयो ।

त्यस्तै गर्भ अवस्थामा अस्पताल गै जँचाउनु, आइरन चक्कीको उपयोग गर्नु, गाउँका सामाजिक कार्यहरुमा महिलाहरु सरिक हुनु आदि परिवर्तहरु देखिन्छन । घरमा जस्ता, टायल, सिमेन्टको प्रयोग हुन थालेको छ । घरमा टि.भि., रेडियो, घडी, म्युजिक प्लेयरहरुको

प्रयोग भै आएको छ । उमेर पुगेका हरेकका हातमा मोवाइल छन् मानिसहरु विभिन्न आयमूलक कार्यहरुमा संलग्न छन् । शिक्षा सम्बन्धि चेतनाले गर्दा आफ्ना केटाकेटीहरुलाई स्कुल पठाउन गाउँका विविध विषयमा र्निधक्क साथ आफ्ना विचारहरु राख्न सक्ने, सार्वजनिक स्थलमा खानपीन गर्न सक्ने, महिला पुरुष बिचको सम्बन्धमा सुधार,। र विभिन्न गैरसरकारी तथा सरकारी क्षेत्र लागाएत वैदेशिक क्षेत्रमा जागिर खाने क्रम बढिरहेको पाइयो । आधुनिक संचारका उपकरणहरुले पनि विविध क्षेत्रमा परिवर्तनहरु गराएको पाइयो ।

सार्की समुदायमा रोजगारीमुलक तालिम दिने, शिक्षामा पहँच बृद्दि गर्ने र रोजगार नभएका परिवारमा पनि रोजगारीको बिकास गर्दै, मर्यादित बनाउदै उनिहरुको सर्बाङ्गिण बिकासमा ध्यान दिनपर्ने र जुत्ता सिलाउने पेशालाइ कारखानाका रुपमा बिकास गर्नु पर्ने देखिन्छ । सार्की समुदायले बिगतमा अपनाएका परम्परागत पेशााले उनिहरुको आबश्यकता पुरा गर्न नसकेकोले र उनिहरुको स्तर समाजमा तल्लो रुपमा रहेको र बैकल्पिक पेशामा संलग्न रहेका मानिस र निजको घर परिवारको समेत आम्दानीको स्तर राम्रो र समाजमा प्रतिष्ठित रुपमा बस्दै आएको पाइयो । उनिहरुले परम्परागत पेशा परिर्बतन गर्न बाध्य पार्ने बिभिन्न कारण रहेका छन जसले गर्दा जातिले आफ्नो परम्परागत पेशा एबं संस्कृतिको जगेर्ना गर्न चाँहादा चाँहादै पनि नसकीरहेको पाइयो । नेपाल सरकारको नयां तथा यस क्षेत्रमा कार्यरत संघसंस्थाहरुको उचित सहयोग अपेक्षिकृत देखिन्छ ।

# विषय सूची


| | पृष्ठ |
|---|---|
| सिफारिस पत्र | I |
| स्वीकृति पत्र | II |
| कृतज्ञता ज्ञापन | III |
| विषय सूची | IV |
| तालिका सूची | V |
| संक्षिप्त रुप | VI |
| शोधसार | VII |
| **अध्याय एक : परिचय** | **१-६** |
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | ३ |
| १.३ अध्ययनको उद्देश्य | ५ |
| १.४ अध्ययनको महत्व | ६ |
| १.५ अध्ययनको सीमा | ६ |
| १.६ अध्ययनको संगठनात्मक ढाँचा | ६ |
| **अध्याय दुई : साहित्य समिक्षा** | **७-१२** |
| २.१ पूर्व साहित्यको समीक्षा | ७ |
| २.२ नेपालमा दलित सम्बन्धी अध्ययन | ९ |
| २.३ नेपालमा सार्की जाती सम्बन्धी अध्ययन | १० |
| **अध्याय तीन : अनुसन्धान विधि** | **१३-१५** |
| ३.१ अनुसन्धान ढाँचा | १३ |
| ३.२ अध्ययनको क्षेत्रको छनोट | १३ |
| ३.३ अध्ययनको समग्रता | १३ |
| ३.४ तथ्याङ्कको स्रोत र प्रकृति | १३ |
| ३.५ तथ्याङ्क विश्लेषण एवम् प्रस्तुतिकरण | १५ |

**अध्याय चार : सार्की जातिको सामाजिक, साँस्कृतिक अबस्था** **१६-३४**

४.१ सामाजिक पक्ष १६

४.१.१ जनसंख्या १६

४.१.२ परिवारको किसिम १७

४.१.३ वैवाहिक स्थिति १८

४.१.४ शैक्षिक स्थिति १९

४.१.५ स्वास्थ्य स्थिति २१

४.१.६ अन्य जातजातीले हेर्ने दृष्टिकोण वा छुवाछुतको स्थिति २३

४.१.६.१ महिलाको स्थिति २५

४.१.६.२ निर्णय प्रकृया २६

४.१.६.३ राजनीतिमा सहभागिता २६

४.१.६.४ स्वतन्त्र हिँडडुल २६

४.१.६.५ सासु बुहारीको सम्बन्ध २६

४.२ परिवार नियोजन २७

४.२.१ साँस्कृतिक पक्ष २७

४.२.२ जन्म सँस्कार २७

४.२.३ अन्नप्राशन २८

४.२.४ विवाह २८

४.२.५ मृत्यु संस्कार ३०

४.२.६ चाडपर्वहरु ३१

४.२.७ पूजा ३१

४.२.८ भाषा ३१

४.२.९ भेषभुषा ३१

४२.१० गरगहना ३२

४.२.११ भाँडावर्तन ३२

**अध्याय पाँच : सार्की जातिको आर्थिक पक्ष** **३५-४२**

५.१ पेशा ३५

५.२ भू-स्वामित्व ३६

५.३ खाद्यन्नको पर्याप्तता ३७
५.४ वार्षिक आम्दानी ३८
५.५ वार्षिक खर्च ३९
५.६ बचत तथा ऋण ३९
५.७ आधुनिक उपकरण ४१
५.८ घरको बनावट ४१

**अध्याय छ : सार्की जातिको सामाजिक, साँस्कृतिक तथा आर्थिक क्षेत्रमा आएको परिवर्तनहरु ४३-४९**

६.१ सामाजिक क्षेत्रमा आएको परिवर्तनहरु ४३
६.१.१ शिक्षामा आएको परिवर्तन ४३
६.१.२ परिवारको संरचनामा आएको परिवर्तन ४४
६.१.३ स्वास्थ्य सम्बन्धी चेतनामा आएको परिवर्तन ४४
६.१.४ समाजमा महिलाको स्थितिमा आएको परिवर्तन ४४
६.१.५ अन्य जातजातिले हेर्ने दृष्टिकोण वा छुवाछुतमा आएको परिवर्तन ४५
६.१.६ सन्तानप्रति आएको परिवर्तन ४६
६.१.७ अनुभवनमा आएको परिवर्तन ४६
६.२ साँस्कृतिक क्षेत्रमा आएको परिवर्तन ४६
६.२.१ विवाह संस्कारमा आएको परिवर्तन ४७
६.२.२ गर्भावस्थामा आएको परिवर्तन ४७
६.२.३ महिलाको अधिकारमा आएको परिवर्तन ४७
६.२.४ चाडपर्वमा आएको परिवर्तन ४८
६.३ आर्थिक क्षेत्रमा आएको परिवर्तन ४८
६.३.१ पेशामा आएको परिवर्तन ४८
६.३.२ घरको बनोटमा आएको परिवर्तन ४८
६.३.३ आधुनिक सामानको प्रयोगमा आएको परिवर्तन ४९

**अध्याय सात : सारांश निष्कर्ष तथा सुझाव ५०-५४**

७.१ सारांश ५०

७.२ निष्कर्ष तथा सुझाव ५३

*सन्दर्भ सामाग्रीहरू*

*अनुसूचीहरु*

# तालिका सूची


| तालिका | शीर्षक | पृष्ठ |
|---|---|---|
| ४.१ | उमेर अनुसार सार्की जातिको जनसंख्या विवरण | १६ |
| ४.२ | परिवारको किसिमको आधारमा उत्तरदाताको विवरण | १८ |
| ४.३ | वैवाहिक स्थितिको आधारमा सार्की जातिको विवरण | १९ |
| ४.४ | शिक्षाको आधारमा सार्की जातिको विवरण | १९ |
| ४.५ | उत्तरदाताको उपचार पद्धति विवरण | २२ |
| ४.६ | उत्तरदाताको छुवाछुतको स्थिति विवरण | २४ |
| ४.७ | उत्तरदाताको विवाह किसिमको स्थिति विवरण | २८ |
| ५.१ | पेशाको आधारमा सार्की जातिको विवरण | ३५ |
| ५.२ | भू-स्वामित्वको आधारमा सार्की जातिको विवरण | ३६ |
| ५.३ | खाद्यन्नको पर्याप्तताको विवरण | ३७ |
| ५.४ | उत्तरदाताको वार्षिक आम्दानीको विवरण | ३८ |
| ५.५ | उत्तरदाताको खर्च विवरण | ३९ |
| ५.६ | उत्तरदाताको ऋणको विवरण | ४० |
| ५.७ | उत्तरदाताको घरको बनावट विवरण | ४२ |

# संक्षिप्त रुप

| | | |
|---|---|---|
| जि.वि.स. | : | जिल्ला विकास समिति |
| वि.स. | : | विक्रम संवत |
| गा.वि.स. | : | गाउँ विकास समिति |
| उ.मा.वि | : | उच्च माध्यमिक विद्यालय |
| प्रा.वि. | : | प्राथमिक विद्यालय |
| कि.मि. | : | किलो मिटर |
| न. पा. | : | नगरपालीका |
| NGO | : | Non Governmental Organization |
| INGO | : | International Non Governmental Organization |